नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :..........................

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ति

मिति २०७५ मंसिर २३ र २४ गते नेपालको संविधानको धारा २३४ मा व्यवस्था भए बमोजिम अन्तर प्रदेश परिषद्को पहिलो बैठक परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा परिषद्का सदस्यहरु एवम् आमन्त्रित पदाधिकारीज्यूहरु समेतको उपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न भयो ।

परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूबाट बैठकलाई सम्बोधन गर्दै विकास र समृद्धिका प्रयासहरु मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र सामाजिक सद्भावलाई मजबुत बनाउने दिशामा निर्देशित हुनुपर्ने कुरामा जोड दिनुभयो । विविधतायुक्त देशमा राष्ट्रिय एकता, पारस्पारिक सहयोग तथा मेलमिलापको संस्कारले मात्र विकासको लक्ष्यमा पुग्न सकिने कुरामा जोड दिंदै हाम्रा आकांक्षाहरु असीमित तर सामर्थ्यको सीमा रहेकोले प्राथमिकताअनुसार समस्याहरुको समाधान गर्दै जानुपर्छ । संघीयताको नयाँ अभ्यासमा हिंडेकोले सो बाटोमा केही बाधा, अफठ्याराहरु तथा अन्योलहरु रहेपनि संवैधानिक कानूनमा स्पष्टता रहेको तथा कहीं कतै कमी कमजोरी भएपनि सच्याउन सकिने भन्दै हामीसंग सफल हुने पर्याप्त आधारहरु भएकाले सबै तहका सरकारहरुले समन्वयात्मक एवं एकताको भावनाले काम गर्दै जाँदा त्यस्ता कठिनाइहरु विस्तारै हट्दै जाने कुरामा सम्माननीय प्रधानमन्त्रीज्यूले विश्वास व्यक्त गर्नुभयो ।

त्यसअघि, बैठकमा परिषद्का सदस्यहरु माननीय मुख्यमन्त्रीज्यूहरुले आ-आफ्नो प्रदेशको तर्फबाट सम्बोधन गर्दै सङ्घीयता कार्यान्वयनका सम्बन्धमा देखिएका समस्याहरु र समाधानका सम्बन्धमा चर्चा गर्नुभएको थियो । सो अवसरमा माननीय मुख्य मन्त्रीज्यूहरुले जनशक्ति व्यवस्थापन, संगठन संरचना, विकास आयोजना तथा जग्गा/सम्पत्ति हस्तान्तरण, वित्तीय व्यवस्थापन, कानून निर्माण, तहगत समन्वय लगायतका विषयहरुमा छिट्टै टुङ्गोमा पुग्नुपर्ने, विभिन्न कानूनमा देखिएका अन्तरविरोधलाई सम्बोधन गरिनुपर्ने, प्रदेश र स्थानीय तहले भोग्नुपरेको समस्याहरुका सम्बन्धमा जोड दिनुभएको थियो।

उक्त बैठकमा नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मीज्यूले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । सो बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट संघीयता कार्यान्वयन, प्रदेश सरकारबाट अनुरोध भई आएका विषयमा सम्बोधन गरिएको व्यहोरा, नेपाल सरकार र प्रदेश सरकारवीच समन्वय गरिएका विषय समेतमा प्रस्तुति गरिएको थियो । परिषद्को बैठकमा नेपाल सरकारका विषयगत मन्त्रालयहरु (अर्थ, सङ्घीय मामिला तथा सामान्य प्रशासन, गृह र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) का सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालयले संघीयता कार्यान्वयन, बजेट कार्यान्वयन, संगठन संरचना निर्माण, तीनै तहमा कर्मचारी खटनपटन, कार्यालय, कार्यक्रम तथा स्रोत हस्तान्तरण, कानून निर्माण लगायतका विषयमा हालसम्म भएका कार्यहरुका सम्बन्धमा प्रस्तुत गर्नुभएको थियो ।

**टेलिफोन** : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
**फ्याक्स** : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
**इमेल** : info@opmcm.gov.np
**वेब साइट** : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :........................

उक्त बैठकमा उठेका सवालहरु समाधानको सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेश गर्न माननीय गृहमन्त्री राम बहादुर थापाज्यूको अध्यक्षतामा माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा, प्रदेश नं. २ का माननीय मुख्य मन्त्री लालबाबु राउत, प्रदेश नं. ५ का माननीय मुख्य मन्त्री शंकर पोखरेल सदस्य तथा नेपाल सरकारका मुख्य सचिव लोकदर्शन रेग्मी सदस्य सचिव रहेको एक समिति गठन गर्ने र सो समितिले पौष ३ गतेका दिन सुझावसहितको प्रतिवेदन पेश गर्ने निर्णय भएको छ।

सो बैठकमा परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यू, अन्तर प्रदेश परिषद्का सदस्यज्यूहरुका साथै आमन्त्रितको रुपमा नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु, माननीय राज्यमन्त्रीज्यूहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, माननीय महान्यायाधिवक्ताज्यू, राष्ट्रिय नीति प्रतिष्ठानका अध्यक्षज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवज्यूहरु, प्रदेश सरकारका प्रमुख सचिवज्यूहरु समेतको उपस्थिति रहेको थियो ।

२०७५/०८/२४

२४ मंसीर, २०७५
सिंहदरबार, काठमाडौं ।

विनोद बहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np